निर्णय नं. १

मनसुन सक्रिय रहिरहेको हुँदा राप्ती, बबई तथा अन्य खहरेले ल्याउन सक्ने सम्भावित जोखिमलाई आ-आफ्नो स्थानीय तह मार्फत आवश्यक समन्वय गरी तत्काल डुवान/कटानबाट हुने क्षतिलाई कम गर्न आवश्यक तयारीलाई निरन्तरता दिने ।

निर्णय नं. २

सबै स्थानीय तहले **बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना** तयारी पारी बिपद्पूर्व तयारीका गतिबिधि संचालन गर्ने, स्थानिय तहको वडास्तरसम्म नै विपद् व्यबस्थापन समिति गठन/पुर्नगठन गर्ने र आवश्यकता अनुसार कार्यदल तयार पारी सक्रिय गराउने ।

निर्णय नं. ३

बिपद सम्बन्धी पूर्वसूचना समुदाय सम्म पुर्याउन सकिएमा मानवीय क्षति कम गर्न सकिने हुँदा समुदायसँगको पहुँच माध्यम (एफएम रेडियो तथा पत्रपत्रिकाहरु) मार्फत पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी सूचनाहरु मनसुन अवधिभर जनहितमा प्रकाशन गरिदिनको लागि पत्रकार महासंघ दाङ शाखा मार्फत सबै सञ्चार माध्यमलाई अनुरोध गर्ने।

निर्णय नं. ४

विपदको समयमा डुवान कटान लगायतका समस्या सिर्जना भई जोखिम बढ्न सक्ने भएको हुँदा सबै स्थानीय तहहरु र सम्बन्धित निकायले तारजाली खरिदको व्यवस्था मिलाउने ।

निर्णय नं. ५.

घोराही उपमहानगरपालिका १ नं वडा कार्यालयको च.नं. १०८ मिति २०८०/०४/२६ गतेको पत्रबाट अनुरोध भए बमोजिम घोराही उपमहानगरपालिका वडा नं. १ र वंगलाचुली गाउँपालिका वडा नं. ८ को सिमानामा पर्ने अर्जुन खोलाको दोभानमा लामीदेवाली सिचाई परियोजनाको लागि निर्माण भएको पक्की बाँधले घोराही उपमहानगरपलिका बडा नं. १ का श्यामलाल बिष्ट सहित ६ जना जग्गाधनीको नाममा दर्ता श्रेष्ता कायम भएको अन्दाजी ४ बिगाहा खेतीयोग्य जमिनमा क्षति भई खोलामा परिणत हुन गएको हुँदा उक्त जग्गा संरक्षणका लागि गृह मन्त्रालय र प्रदेश गृह मन्त्रालयमा सिफारिस गर्ने ।

निर्णय नं. ६.

सडक डिभिजन दाङको चलानी नं. ८४ मिति २०८०/०४/२८ गतेको पत्रमार्फत अनुरोध भए बमोजिम घोराही-हर्नक-कमिरेचौर-मुर्कुटी-प्युठान सडक खण्डमा पहिरोका कारण सडक अबरुद्ध हुन गएको हुँदा त्यस क्षेत्रमा ब्रेकरको प्रयोग गरी अवरोध हटाउने र सडक सुचारु गर्ने व्वस्था मिलाउन डिभिजन सडक कार्यालयलाई अनुमति प्रदान गर्ने ।

निर्णय नं. ७

सडक डिभिजन दाङको च. नं. १०३ मिति २०८०/०४/३० गतेको पत्रमार्फत लमही- घोराही-तुलसीपुर सडक खण्ड अन्तर्गत बबई खोलादेखि तुलसीपुर सम्मको सडक खण्डमा हालैको बर्षाले विभिन्न सडक खण्डमा खाल्डा खुल्डी परेको, सडक भासिएको एवम् चिरा परेकोले यातायात संचालनमा सहजता ल्याउन सडकमा देखिएका खाल्डाखुल्डी पुर्न करिब ६०० घ.मि. ग्राभेल आवश्यक पर्ने देखिएकोले नजिकका खोलाहरुबाट ग्राभेल झिक्न घोराही उपमहानगरपालिका र तुलसीपुर उपमहानगरपालिकासँग आवश्कयक समन्वय गरिदिन अनुरोध भई आएको हुँदा लमही-घोराही-तुलसीपुर सडक खण्ड मर्मत सम्भारका लागि उपमहानगरपालिकासँग समन्वय गरी माग भए बमोजिम ग्राभेल उत्खनन गरी प्रयोग गर्न अनुमति दिने ।

निर्णय नं. ८

घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको च. नं. ४४० मिति २०८०/०४/२१ गतेको पत्रबाट घोराही मुर्कुटी सडक खण्डमा ठुला सवारी साधनहरु सञ्चालन हुने भएकोले सडकमा खाल्डाखुल्डी परी बर्षायाममा हिलो चिप्लोका कारण दुर्घटनाको जोखिम बढेकोले उक्त बाटो मर्मतका लागि सिस्ने खोला पुलदेखि दक्षिणतर्फको भागबाट ३० घ.मि.नदिजन्य पदार्थको नियमानुसार लाग्ने राजश्व घोराही

उपमहानगरपालिका कार्यालयमा जम्मा हुने गरी उल्लेखित परिमाणको जदिजन्य पदार्थ ढुवानीको अनुमति माग भई आएको हुँदा माग भए बमोजिम नदीजन्य पदार्थ ढुवानीका लागि अनुमति दिने ।

**निर्णय नं. ९**

बबई गाउँपालिका गाउँ कार्यपालिकाको च.नं. १२० मिति २०८०/०४/३० गतेको पत्रबाट बबई गाउँपालिका वडा नं. ३ मा अविरल वर्षाका कारण सुपारे मौजा सिचाईँ कुलोमा पहिरो गई क्षति पुगेको र सिचाईमा समस्या भएको हुँदा उक्त कुलो मर्मत सम्भारका लागि आवश्यक सहजीकरण गरिदिन अनुरोध भई आएको हुँदा उक्त कुलो मर्मत सम्भारका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. १०**

दंगीशरण गाउँपालिकाको च.नं. १८८ मिति २०८०।०४।३० को पत्रबाट दंगिशरण गाउँपालिका वडान नं. २ अन्तर्गत दमारगाउँ प्रहरी चौकी जोड्ने सडक र दंगिशरण गाँउपालिका वडा नं. १ अन्तर्गत छरकट्टा हुदै बखरिया बुर्केसाल जोड्ने सडक हालैको बर्षातका कारण बिग्रीएर बिद्यालय सवारी साधनतथा अन्य सवारी साधन समेत आवत जावत र पैदल यात्रीलाई समेत आवत जावतमा समस्या भएको हुँदा उक्त सडक मर्मतका लागि आवश्यक पर्ने इष्टिमेट अनुसारको कुल ८० घ.मि. (ट्याक्टरबाट ३२ ट्रिप ) ग्राभेल उत्खननका लागि अनुरोध भई आएको हुँदा उपरोक्त परिमाणको ग्राभेल दंगिशरण गाउँपालिकाको वडा नं. २ ठामरखोली र बबई नदीको किनारबाट उत्खनन् तथा ढुवानी गरी योजना स्थल सम्म लैजान अनुमति दिने ।

**निर्णय नं. ११**

केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठकको निर्णय अनुसार लम्पी स्कीन विरुद्धको खोप कार्यक्रमलाई यस जिल्लामा भेटनरी अस्पताल तथा पसु विज्ञ केन्द्र मार्फत प्रभावकारी रुपमा सञ्चालन गर्ने र डेंगी रोगको बढ्दो जोखिमलाई मध्यनजर गर्दै सबै स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य कार्यालय दाङले जनचेततामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै Search and Destroy कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

**निर्णय नं.१२**

बर्षादका कारण अवरुद्ध भएको सडक सुचारु गर्न स्थानीय खोलाबाट नदीजन्य पदार्थ उत्खनन गर्नु परेमा पालिकाको गाडी नं. समेत उल्लेख गरी स्थानीय प्रशासनमा पत्राचार गरी स्थानीय तहकै निगरानीमा उठाउने व्यवस्था मिलाउने ।

**निर्णय नं.१३**

~~दंगीशरण~~ बबई गाउँपालिकाको च.नं. १३३ मिति २०८०।०४।३२ को पत्रबाट दंगिशरण गाउँपालिका वडान नं. १ मा पर्ने कसाने कुन्टीमा करिब ५० बिगाह क्षेत्रफलमा रहेको धान खेती मलै खोलामा आएको बाढीले क्षेति हुन गई सो क्षेत्रमा बसोबास गर्ने करीब ३८ घरधुरी संख्यामा रहेका ५० बिगाहा क्षेत्रफल खेतीयोग्य भूमिलाई सिचाई गर्ने कुलो क्षेति पुगेको हुदा उक्त तटबन्धन सिँचाई कुलो निर्माण कार्यका लागि आवश्यक सहजिकरण तथा समन्वय गरिदिन दिन अनुरोध भई आएको हुँदा सिँचाई कुलो मर्मतको लागि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने ।

निर्णय नं. १

मिति २०८०/०६/१७ गते सुनपुर सव डिभिजन वन कार्यालयको कार्य क्षेत्र अन्तरगत पर्ने घोराही उपमहानगरपालिका वडा नं. १ स्थित सुवाखोला राष्ट्रिय बन क्षेत्र भएर जाने सिमलतारा – मुलाबारी – हाँसिपुर सडकको करिब ३ किलो मिटर क्षेत्रमा रातिको समयमा अज्ञात समुहले संगठित रुपमा विभिन्न प्रजातिका साना ठुला गरी ९६ वटा रुख ढाल्दा ग्रामिण क्षेत्रका विद्युतका पोलहरु समेत ढली विद्युत सेवा र सडक पुर्णरुपमा अवरुद्ध भएकोले उक्त ढालिएका रुखहरु समयमै सुरक्षितरुपमा घाटगद्धी गरी सडक र विद्युत आपुर्ति सहज बनाउनका लागि स्थानीयतहका र जिल्ला समन्वय समितिको समेत समन्वयमा डिभिजन बन कार्यालयलाई अनुरोध गर्ने र उक्त रुख कटानमा संग्लन अज्ञात ब्यक्तिहरु उपर कानुनी प्रक्रिया सम्बन्धित निकायले अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.२

राप्ती गाउँपालिका वडा नं. १ भालुबाङ स्थित शसस्त्र प्रहरी बल नेपालको चेकप्वाईन्ट देखि पूर्वतर्फ फियरी खोलाले बर्षातको समयमा कटान गरी पहिरो गएको, स्थानीय बासिन्दाहरुले खोलामा रहेका ढुङ्गा उत्खनन् गरी आफ्नो घर तर्फ पर्खाल लगाउने कार्यले सप्रबल गणको जग्गा तर्फ खोला फर्कने सम्भावाना रहेकोले सो खोलाको दुवै तर्फ तटबन्ध नगरेमा गणको भौतिक पूर्वाधारहरुमा क्षति पुर्याउन सक्ने भएकोले तटबन्धका लागि स्थानीय सरकार र प्रदेश सरकारको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

निर्णय नं. ३

सशस्त्र प्रहरी बल नेपाल नं. २९ गण हेडक्वाटर ज्वालामाई भालुबाङ दाङमा रहेका विपद् ब्यवस्थापानका सामाग्रीहरुलाई उचित भण्डारण गर्नको लागि सुरक्षित भवन नभएकोले विपद् सामाग्रीहरुको उचित भण्डारणको लागी नयाँ भवन निर्माण गर्न अति आवश्यक रहेको हुदाँ स्थानीय र प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

आ.व. २०७९/०८० को श्रावण देखि ०८० अषाढ मसान्त सम्म विपद् व्यवस्थापन अन्तर्गत अविरल वर्षा, बाढी, पहिरो, चटयाङ, हावाहुरी तथा आगलागी प्रभावित परिवारहरुलाई जम्मा रकम रु १५९०००००/- ( अक्षरुपी एक करोड उनान्साठ्ठी लाख रुपैया मात्र) राहत स्वरुप वितरण एवं प्रदान गरिएको हुदाँ उक्त राहत रकम अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १

हाल स्थानीय तहहरुमा संचालनमा रहेका आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) हरुले आ-आफ्नो तहमा भए गरेका कार्यहरुको अनिवार्य रुपमा जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) मा प्रतिवेदन पेश गर्ने र आपसी समन्वयलाई प्रभावकारी बनाउन नियमित रुपमा बैठक गर्ने निर्णय गरियो ।

निर्णय नं.२

जिल्ला आपतकालीन कार्य संचालन केन्द्रबाट र स्थानीय आपतकालीन कार्य सञ्चाल केन्द्र बाट वितरण हुने राहत लगायत उद्वार सामाग्रीहरुको एक अर्कोलाई जानकरी गराउनुको साथै स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रबाट हुने गरेका निर्णय तथा क्रियाकलापको बीचमा तादम्यता स्थापित गरी विपद् जोखिम न्युनीकरणमा जोड दिने निर्णय गरियो ।

निर्णय नं. ३

मौसम पूर्वानुमान शाखाले जारी गर्ने मौसम पुर्वानुमान सम्बन्धी सुचना (Forecasting) लाई जिल्ला आपतकालीन कार्य संचालन केन्द्रले स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रमा पठाउने र उक्त Forecasting लाई स्थानीय आपतकालीन कार्य संचालन केन्द्रहरुले सरोकारवाला निकायहरुलाई जानकारी दिने गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रहरुले आ-आफ्नो वडा क्षेत्रमा विपद् सम्बन्धी पूर्वतयारीको प्रतिकार्य गर्दा DEOC र LEOC को सहकार्यमा गर्ने र थप उद्वार सामाग्रीहरुको लागी DEOC ले पहल गर्नुका साथै भएका गरेका घटनाहरुलाई तत्कालै जिल्ला आपतकालीन कार्य संचालन केन्द्रमा सुचना दिने र उक्त सुचनालाई जिल्ला आपतकालीन कार्य संचालन केन्द्रले तत्कालै जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष ज्यु समक्ष पेश गरी संघिय तथा प्रदेश मन्त्रालयमा पठाउने भनि निर्णय गरियो ।

याम नारायण श्रेष्ठ (निर्माण प्रमुख सिंचाइ डि.डि. तुलसीपुर)

[illegible]व लम्साल (प्रशासन शाखा प्रमुख राजपुर गा.पा.)

महेन्द्र रावत (जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र दाङ)

<u>निर्णयहरु</u>

१. मिति २०८०।०७।१७ गते राति जाजरकोट जिल्लाको रामीडाँडा केन्द्र बनाएर गएको भुकम्पका कारण जाजरकोट र रुकुम पश्चिम जिल्लामा भएको धनजनको क्षतिमा शोक प्रस्ताव पारित गर्ने र मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली, घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना र पीडितहरुलाई राहत र पुनर्स्थापनका लागि दाङ जिल्ला विपद व्यवस्थापन समिति र स्थानीय विपद व्यवस्थापन समितिले सक्दो सहयोग गर्ने निर्णय गरियो।

२. दाङ जिल्ला विपद व्यवस्थापन समितिको संयोजनमा देहाय बमोजिमको तत्कालै आवश्यक पर्ने उद्दार र खाद्यान्न सहायता सामाग्रीहरु उपलब्ध गराइएको ।

(क) सशस्त्र प्रहरी बल नेपाल २९ नं. हे. क्वा. ज्वालामाई दाङमा रहेका **DRS container "B"** मा रहेको राहत तथा उद्दार सामाग्री सहित २१ जनाको टोली खटिगएको । उक्त सामाग्री ढुवानी गर्ने सशस्त्र प्रहरीको ना १ ग ६५४ नं. र GAA 0383 नं. को सवारी साधनमा लागेको ईन्धन खर्च जिल्ला विपद कोषबाट व्यहोर्ने ।

(ख) दाङ उद्योग वाणिज्य संघ, दाङ चेम्बर्स, तुल्सीपुर चेम्बर्स, लुम्बिनी प्रदेश सरकार र जिल्ला विपद व्यवस्थापन समिति दाङको तर्फबाट पठाईएका सामाग्रीहरु-

| | दाङ उद्योग वाणिज्य संघ | दाङ चेम्बर्स | तुल्सीपुर चेम्बर्स | लुम्बिनी प्रदेश सरकार | जिल्ला विपद व्यवस्थापन समिति दाङ |
|---|---|---|---|---|---|
| सामाग्री विवरण | १.चामल ७७५ के.जी<br>२. तेल २४ ली.<br>३. दाल ६० के.जी. | १.चामल ३७५ के.जी.<br>२. तेल १० ली.<br>३. दाल ३० के.जी. | १.चामल ५०० के.जी. | १.चामल ३३५० के.जी.<br>२. तेल १६६ ली.<br>३. दाल ९१० के.जी. | ढुवानी खर्च रु. ४००००/-(चालिस हजार) |

उपरोक्त बमोजिम सहायता प्राप्त वाहेकका खरीद तथा सामाग्रीहरु ढुवानीमा लगेको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

३. वस्तुगत राहत उपलब्ध गराउन चाहने व्यक्ति, संघ, संस्था तथा स्थानीय विपद व्यवस्थापन समितिले

## निर्णयहरु

१. मिति २०८०।०७।१७ गते राति जाजरकोट जिल्लाको रामीडाँडा केन्द्र बनाएर गएको भुकम्पका कारण जाजरकोट र रुकुम पश्चिम जिल्लामा भएको धनजनको क्षतिमा शोक प्रस्ताव पारित गर्ने र मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली, घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना र पीडितहरुलाई राहत र पुनर्स्थापनका लागि दाङ जिल्ला विपद व्यवस्थापन समिति र क्रियाशिल सरकारी तथा गैह्र सरकारी संस्थाहरुले सक्दो सहयोग गर्ने निर्णय गरियो।

२. दाङ जिल्ला विपद व्यवस्थापन समितिको संयोजनमा देहाय बमोजिमको तत्कालै आवश्यक पर्ने उद्दार र खाद्यान्न सहायता सामाग्रीहरु उपलब्ध गराइएको ।

(क) सशस्त्र प्रहरी बल नेपाल २९ नं. हे. क्वा. ज्वालामाई दाङमा रहेका **DRS container "B"** तथा तुल्सीपुर स्थित DRS container "C" मा रहेको राहत तथा उद्दार सामाग्री सहित २१ जनाको टोली खटिगएको । उक्त सामाग्री ढुवानी गर्ने सशस्त्र प्रहरीको ना १ ग ६५४ नं. र GAA 0383 नं. को सवारी साधनमा लागेको ईन्धन खर्च जिल्ला विपद कोषबाट व्यहोर्ने ।

(ख) दाङ उद्योग वाणिज्य संघ, दाङ चेम्बर्स, तुल्सीपुर चेम्बर्स, लुम्बिनी प्रदेश सरकार र जिल्ला विपद व्यवस्थापन समिति दाङको तर्फबाट पठाईएका सामाग्रीहरु-

| | दाङ उद्योग वाणिज्य संघ | दाङ चेम्बर्स | तुल्सीपुर चेम्बर्स | लुम्बिनी प्रदेश सरकार | जिल्ला विपद व्यवस्थापन समिति दाङ |
|---|---|---|---|---|---|
| सामाग्री विवरण | १.चामल ७७५ के.जी<br>२. तेल २४ ली.<br>३. दाल ६० के.जी. | १.चामल ३७५ के.जी.<br>२. तेल १० ली.<br>३. दाल ३० के.जी. | १.चामल ५०० के.जी. | १.चामल ३३५० के.जी.<br>२. तेल १६६ ली.<br>३. दाल ९१० के.जी. | ढुवानी खर्च रु. ४००००/-(चालिस हजार) |

उपरोक्त बमोजिम सहायता प्राप्त वाहेकका खरीद तथा सामाग्रीहरु ढुवानीमा लगेको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

३. वस्तुगत राहत उपलब्ध गराउन चाहने व्यक्ति, संघ, संस्था तथा स्थानीय विपद व्यवस्थापन समितिले एकद्वार प्रणालीबाट जिल्ला विपद व्यवस्थापन समितिको समन्वयमा उपलब्ध गराउने व्यवस्था गर्ने, यसरी संकलित सामग्री पठाउँदा भएको खर्च जिल्ला विपद व्यवस्थापन कोषबाट व्यहोर्ने ।

४. आगलागीका घटनाका तपशिलका पीडीतहरुलाई विपद पीडित उद्दार र राहत सम्बन्धी (सातौं संसोधन) मापदण्ड २०७७ बमोजिम जनही रु १५०००/- को दरले उपलब्ध गराइएको सहायतालाई अनुमोदन गर्ने ।

| सि.नं. | मिति | नामथर | ठेगाना | क्षतिको विवरण | भुक्तानी | कै |
|---|---|---|---|---|---|---|
| १ | २०८०/६/२७ | खिम बहादुर पुन | जिल्ला दाङ घोराही १८ | १ लाख | १५,०००।- | |
| २ | २०८०/४/२८ | बम बहादुर पुन | जिल्ला दाङ घोराही १९ | १ लाख | १५,०००।- | |
| ३ | २०८०।७।१३ | टेक ब. कवर मगर | जिल्ला दाङ बंगलाचुली ८ | ३ लाख | १५,०००।- | |

५. यस कार्यालयबाट बाढी, पहिरो तथा मिति २०८०/०७/ १७ गते राति ११:४७ बजेको समयमा जाजरकोटमा केन्द्र बिन्दु भई गएको भुकम्पका कारणले यस जिल्लामा केहि घरहरुमा पूर्ण तथा आंशिक क्षति भएको हुँदा पिडीतहरुलाई तत्कालै उपलब्ध गराउने राहत रकम (बजेट) अभाव भएकोले रकम रु.५०,००,०००।- (रु.पचास लाख) उपलब्ध गराउनका लागि नेपाल सरकार गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

## निर्णयहरु :-

१. मिति २०८०/०७/१७ गते राती २३:४८ बजेको समयमा जाजरकोट जिल्लाको लामीडाँडा केन्द्र बिन्दु बनाई गएको भुकम्पका कारणले जाजरकोट र रुकुम पश्चिम जिल्लामा भएको जनधनको क्षति भएकोमा दाङ जिल्लाबाट राहत सामग्री सहयोग गर्ने तपसिलका सरकारी निकाय तथा गैर सरकारी संघ संस्थाहरु प्रति धन्यवाद ज्ञापन गर्ने निर्णय गरीयो ।

तपशिल :-

| क्र.सं. | राहत दिने व्यक्ति/संस्थाको नाम | ठेगाना | उपलब्ध हुन आएको राहत नगद/जिन्सि | कैफियत |
|---|---|---|---|---|
| १ | लुम्बनि प्रदेश गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय दाङ | घोराही, दाङ | रु.३,०९,१४९/-(तीन लाख नौ हजार एक सय उनन्पचास रुपैया) | खाद्यान्न |
| २ | सशस्त्र प्रहरी बल नेपाल नं.२९ गण हे.क्वा.ज्वालामाई दाङ | राप्ती गा.पा.१ भालुबाङ दाङ | US embassy nepal द्धारा सहयोग स्वरुप प्राप्त २ वटा कन्टेनरका राहत सामानहरु | सशस्त्र प्रहरी बलको २१ जनाको टोली उद्दारको लागि खटि गएको । |
| ३ | नेपाल औषधि व्यवसायी संघ (NCDA) जिल्ला शाखा दाङ | जिल्ला शाखा, दाङ | रु.१,000,00/-(अक्षरुपी एक लाख) | खाद्यान्न,औषधी,लत्ताकपडा |
| ४ | देउखुरी उद्योग बाणिज्य संघ लमही नगरपालीका दाङ | लमही, दाङ | रु.५०,०००/-(अक्षरुपी पचास हजार) | सिरक |
| ५ | डेरी व्यवसायी संघ घोराही दाङ | घोराही, दाङ | दाङबाट रु.१,०००,००/-(अक्षरुपी एक लाख) | बलाङ्केट |
| ६ | नारायणपुर उद्योग बाणिज्य संघ घोराही दाङ | घोराही १० नारायणपुर, दाङ | रु.१,५३,०००/-(अक्षरुपी एक लाख त्रिपन्न हजार) | खाद्यान्न, लत्ताकपडा |
| ७ | दाङ जिल्ला उद्योग बाणिज्य संघ दाङ | घोराही, दाङ | रु.३,५७,९००/-(अक्षरुपी तिन लाख सनताउन्न हजार नौ सय) | खाद्यान्न, लत्ताकपडा |

| | | | | |
|---|---|---|---|---|
| ८ | सनाजसेवी तथा धार्मीक अभियान्ता उपेन्द्र पौडेलको नेतृत्वमा धार्मीक युवा समुह द्धारा | जिल्ला दाङ तुलसिपुर उ.म.न.पा.७ जितपुर | रु.११,११५/- (अक्षरुपी एघार हजार एक सय पन्ध्र) | नगद प्रधानमन्त्री दैबिक प्रकोप कोषमा जम्मा गरेको । |
| ९ | पहिचान टोल बिकाश संस्था र जन-कल्याण टोल बिकाश संस्थाको संयुक्त रुपमा भैलो खेलेर संकलीत | घोराही १५, दाङ | रु.११,१११/- (अक्षरुपी एघार हजार एक सय एक रुपैया) | नगद प्रधानमन्त्री दैबिक प्रकोप कोषमा जम्मा गरेको । |
| १० | दाङ उद्योग वाणिजय संघ, दाङ चेम्बर्स, तुलसीपुर चेम्वर्स | | | खाद्यान्न सामान । |
| ११ | घोराही उप-महानगरपालिका कार्यालय दाङ | घोराही १५, दाङ | रु.१५,०००,००/- (अक्षरुपी पन्ध्र लाख) | नगद रुपैया प्रधानमन्त्री दैबिक प्रकोप कोषमा जम्मा गर्ने निर्यण कार्यापालीकाले गरेकोजम्मा गर्न बाँकी |
| १२ | लमही नगरपालीका दाङबाट | लमही, दाङ | रु.३,०००,००/- (अक्षरुपी तिन लाख) | राहत सामाग्री पठाउने निर्णय कार्यपालीकाले गरेको । |
| १३ | राप्ती गाउँपालीका दाङबाट | लालमटिया, दाङ | रु.२,८९,८४७/- (अक्षरुपी दुई लाख उनानब्बे हजार आठ सय सट्चालीस रुपैया) | नगद रुपैया प्रधानमन्त्री दैबिक प्रकोप कोषमा जम्मा गरेको । |
| १४ | राजपुर गाउँपालीका कार्यालय दाङबाट | राजपुर, दाङ | रु.५,०००,००/- (पाँच लाख) | रु.३,०००,००/- (तिन लाख) बराबरको जिन्सि राहत सामाग्री र नगद रकम रु.२,०००,००/- (अक्षरुपी दुई लाख) प्रधानमन्त्री दैबिक प्रकोप कोषमा जम्मा |
| १५ | दंगीशरण गाउँपालिका कार्यालय दाङ | दंगिशरण, दाङ | दाङ रु.२,०००,००/- (अक्षरुपी दुई लाख) | राहत सामाग्री पठाउने निर्णय कार्यपालीकाले गरेको । |

२. यस वर्ष चिसोयाम शुरु हुन लागेकोले यस दाङ जिल्लामा चिसो तथा शितलहरका कारण हुन सक्ने क्षती न्युनीकरणका लागी सम्बन्धित सबै सरोकारवाला निकायहरुले तत्काल आवश्यक प्रबन्ध मिलाई कार्यान्वयन गर्ने निर्णय ।

३. दाङ जिल्लामा शितलहरबाट प्रभावित हुने स्थानीय तहहरुमा लमही नगरपालीका, गढवा,राप्ती र राजपुर गाउँपालीका रहेको छ । नगरपालीका तथा गाउँपालीकामा रहेको स्थानीय तह स्तरीय स्थानीय बिपद् व्यवस्थापन समिति तथा सबै बिषयगत क्षेत्रले आफ्नो समिति बैठक बोलाई योजना तर्जुमा गरी लागु गर्ने र जिल्ला तथा स्थानीय तहमा कार्यरतमा सबै संघ संस्था, निजि क्षेत्र, नेपाल रेडक्रस सोसाईटी संग समन्वय गरी चिसो तथा सितलहरहरुबाट हुने क्षती न्युनिकरणका लागी प्रभावित नगरपालीका तथा गाउँपालीकाले सितलहरबाट प्रभावित हुन सक्ने बिपन्न परिवाहरुको नाम, ठेगाना सहितको बिवरण अध्यावधिक गरी राख्ने ।

४. चिसो तथा शितलहरका कारण जोखिममा पर्न सक्ने खास गरी अति बिपन्न परिवार, जेष्ठ नागरीक, बालबालिका, गर्भवती महिला, सुत्केरी महिला, अपाङ्ग भएका व्यक्ती तथा जोखिमयुक्त क्षेत्र र समुदायको पहिचान गरी प्राथमिकतामा राख्ने, आवश्यकता अनुसार चिसो तथा शितलहर चलेको बेला चिसोबाट बच्नको लागी स्वास्थ्य उपाय अपनाउदै पहुँच पुग्ने स्थानमा आगो बाल्न स्थानीय तहहरुले डिभिजन वन कार्यालय वा नजिकको सब-डिभिजन कार्यालय संग समन्वय गरी स्थानीय सामुदायिक वन मार्फत आवश्यक दाउरा उपलब्ध गराउने साथै शितलहर सम्बन्धि पुर्व सुचना समुदाय सम्म पुर्याउन सकिएमा मानवीय क्षती कम गर्न सकिने बिषयलाई मध्यनजर गर्दै समुदाय संगको पहुँच संचार माध्यमहरु मिडिया, एफ एम रेडियो तथा पत्रपत्रिकाहरु हुने हुँदा शितलहर पुर्व तयारी सम्बन्धि सुचनाहरु शितलहर समय अवधीभर जनहितमा प्रकाशन तथा प्रसारण गरी दिनको लागी पत्रकार महासंघ दाङ शाखा मार्फत सबै संचार माध्यमहरुलाई अनुरोध गर्ने ।

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दाङ

निर्णयहरुः-

निर्णय नं.१

यस वर्ष चिसोयाम शुरु भइसकेकोले यस दाङ जिल्लामा चिसो तथा शीतलहरका कारण हुन सक्ने क्षति न्युनीकरणका लागी तयार गरीएको शीतलहर आकस्मिक प्रतिकार्य योजना उपर छलफल भयो र छलफलका क्रममा प्राप्त सुझाव समेत समावेश गरि शीतलहर आकस्मिक प्रतिकार्य योजना, २०८० स्वीकृत गर्ने, स्वीकृत उक्त योजनामा उल्लेखित जिम्मेवारी पुरा गर्न सम्वन्धित सबै सरोकारवाला निकायहरुले तत्काल आवश्यक तयारी तथा पूर्व तयारी गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं.२

दाङ जिल्लाको शीतलहरबाट प्रभावित हुने स्थानिय तहहरुमा लमही नगरपालिका,गढवा, राप्ती,राजपुर गाउँपालिका रहेको छ। नगरपालिका तथा गाउँपालिकामा रहेको स्थानीय तह स्तरीय स्थानीय विपत व्यवस्थापन समिती तथा सबै बिषयगत क्षेत्रले आ-आफ्नो समितीको बैठक डाकी आकस्मिक योजना तर्जुमा गरी लागु गर्ने साथै स्थानीय तहमा कार्यरत सबै संघ सस्था, निजी क्षेत्र, नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गरी चिसो तथा शितलहरबाट हुने क्षति न्युनिकरणका लागी प्रभावित नगरपालिका तथा गाउँपालिकाले शीतलहरबाट प्रभावित हुन सक्ने बिपन्न परिवारहरुको नाम ठेगाना सहित बिवरण अध्याबधिक गरी राख्ने निर्णय गरियो।

निर्णय नं.३

चिसो र शीतलहरका कारण जोखिममा पर्ने सक्ने खासगरी अति बिपन्न परिवार, जेष्ठ नागरिक, वालबालिका, गर्भवती महिला, सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति तथा जोखिम युक्त क्षेत्र तथा समुदायको पहिचान गरी प्राथमिकतामा दिने।

क. गैर सरकारी संघ संस्थाहरुले सम्बन्धित स्थानीय तहसंग समन्वय गरी शितलहर तथा चिसो बाट बच्न बचाउन न्यानो कपडाहरु ब्लांकेट आदी सहयोग/राहत स्वरुप उपलब्ध गराउने ।

ख. शितलहर तथा चिसोबाट हुन सक्ने रोग र बिरामी लाई लक्ष्चित गरी स्थानीय स्वास्थ्य शाखा र जन स्वास्थ्य कार्यालयसंग समन्वय गरी आवश्यक औषधी उपलब्ध गराउन सहयोग गर्ने ।

ग. डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता समितीहरुसंग आवश्यक समन्वय गरी दाउरा उपलब्ध गराउने ।

घ. शीतलहर सम्बन्धी पूर्वसुचना समुदाय सम्म पुर्याउन शितलहर समय अवधीभर जनहितमा प्रकाशन ... गरी दिनको लागी पत्रकार महासंघ दाङ मार्फत सबै संचार माध्यमहरुलाई अनुरोध गर्ने।

| | | | | | |
|---|---|---|---|---|---|
| २०७९-३-११ | प्रेम वहादुर कामि | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-१० | छविदेवि वि.क. | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-१३ | खगिदेवि कामि | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-१९ | जनक सुनार | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-२० | सारा पुन मगर | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०८१-३-५९ | सिव कुमारी वुढा | दाङ | वंगलाचुली गाउँपालिका | ८ | anita b magar |
| २०७९-३-२१ | दोर्ण वहादुर कामि | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-८ | मानसिंह रोका मगर | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-५ | छम वहादुर घर्ती मगर | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-४ | गल वहादुर कामि | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०८३-२-२८ | युवराज वली | दाङ | वंगलाचुली गाउँपालिका | ६ | manmayk |
| २०८१-३-३० | नरविर सुनार | दाङ | वंगलाचुली गाउँपालिका | ८ | anita b magar |
| २०७९-३-१२ | दिल वहादुर कामि | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०८२-१-१ | डम्वर वहादुर वस्नेत | दाङ | वंगलाचुली गाउँपालिका | ४ | premgc |
| २०७९-३-१७ | भेग वहादुर घर्ति मगर | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |

**निर्णय नं. ४**

राजपुर गाउँपालिका वडा नं. ७ हाडबास दाङमा मिति २०८१/०१/१६ गते आगलागी हुँदा उक्त गाउँका २३ घर जलेर नष्ट भएका घरपरिवारलाई जिल्ला प्रशासन कार्यालयको तर्फबाट तत्काले मिति २०८१/०१/१७ गते वितरण गरिएको खाद्य तथा जिन्सि सामग्री (भेलि/गुड- ६० के.जी, च्युरा-१०० के.जी, डेक्ची-२५.४२० के.जी, ढलोट कराई-२७.८४० के.जी, डाडु/पन्यो- ६.०४० के.जी, थालि-५० थान, गिलास-५० थान, कचौरा-५० थान, बाल्टी-५० थान, मग-५० थान) हरुको भ्याट सहितको खरिद मुल्य रु.७६,६३३.७९/- (अक्षरुपि छयत्तर हजार छ सय तेत्तिस रुपैयाँ उनानअसि पैसा) बराबरको खाद्य तथा जिन्सि सामग्रीको उल्लेखित रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

जिल्ला विपद् व्यवस्थापन समिति दाङको मिति २०८०/१२/१५ गते भएको निर्णय अनुसार राप्ती गाउँपालिका वडा नं. ३ मसुरियामा मिति २०८०/१२/१० गते विद्युतको हाईटेन्सन लाईन चुडिएर करेन्ट लागी मृत्यु भएका ३ जना व्यक्तिहरुलाई रु. ४,००,०००/-(अक्षरुपि चार लाख) दिने निर्णय भएकोमा राप्ती गाउँपालिका ३ नं. वडा कार्यालयको च.नं. १३०८ मिति २०८०/१२/२१ गतेको सिफारिस पत्रबाट मृतकहरु गोरख बहादुर के.सी. र दिलसरा के.सी. एक संगोलका परिवार र मृतक ईश्वर के.सी. एक संगोलको परिवारको सदस्य भएको भनि सिफारिस भई आएकोले विपद् पिडित उद्दार तथा राहत सम्बन्धी मापदण्ड,२०७७ को सातौं संसोधन अनुसार मिति २०८०/१२/१५ गते भएको निर्णयमा पुनः रु. १,००,०००/- (अक्षरुपि एक लाख रुपैयाँ) थप गरी रु. ५,००,०००/-(अक्षरुपि पाँच लाख रुपैयाँ) यस कार्यालयबाट भुक्तानी दिइएकोले सो भुक्तानी गरिएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

डिभिजन वन कार्यालय दाङ (देउखुरी) को च.नं. २८४६ मिति २०८०/०१/२६ गतेको पत्रबाट लमही दाङ देउखुरी स्थित निर्माणाधिन ट्रमा सेन्टर भवन निर्माण स्थलको परिसरमा रहेका जोखिम युक्त सिसौ जातको रुख थान-५ र आँप जातको रुख थान-१ हटाउनुपर्ने अवस्थामा रहेका तथा नहटाइएमा जनधनको क्षति हुने अवस्था रहेको भनि शहरी विकास तथा भवन डिभिजन कार्यालय दाङको च.नं.९१५ मिति २०८१/०१/२५ गतेको पत्र तथा लमहि नगरपालिका ४ नं. वडा कार्यालयको च.नं.१३३४ मिति २०८१/०१/२६ गतेको पत्रबाट सिफारिस भई जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णयको लागी लेखि आएकोले सम्बन्धित सरोकारवाला निकायहरु सँगको समन्वयमा हटाउने निर्णय गरियो ।

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

**निर्णयहरुः-**

यो बर्ष गर्मी मौसम शुरु भईसकेको र मौसमको शुरु सँगै आगलागीका घटनाहरु हुने सम्भावनालाई मध्यनजर गर्दै सो बाट बच्न बचाउन तथा नियन्त्रणका लागि तपसिल बमोजिमका गतिबिधिहरु संचालन गर्ने निर्णय गरियो ।

१. आ-आफ्नो स्थानीय तहमा आगलागी तथा वन डढेलोका घटना भएमा तत्कालै स्थानीय आपतकालीन कार्य संचालन केन्द्रहरुले यस जिल्ला आपतकालीन कार्यसंचालन केन्द्रमा सुचना दिई नजिकका सुरक्षा निकायसँग समन्वय गरी नियन्त्रण गर्ने ।

२. कार्य योजनाको आधारमा सबै स्थानिय तहहरुले आगलागीको रोकथाम तथा नियन्त्रणका लागी विभिन्न भाषामा जनचेतनामुलक सन्देश तयार गरी आफ्नो पूर्व सूचना प्रणाली मार्फत प्रकाशन तथा प्रसारण गरी जिल्ला आपतकालीन कार्य संचालन केन्द्रमा जानकारी गराउने ।

३. आ-आफ्नो पालिकामा रहेका दमकल लगायतका अग्नि नियन्त्रणका सामाग्रीहरु तयारी अवस्थामा राख्ने र उद्धारमा प्रयोग हुने सामाग्रीहरुको अभिलेख अध्यावधिक गरी यस जिल्ला आपतकालीन कार्य संचालन केन्द्रमा यथाशिघ्र पठाउने ।

४. स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र (LEOC) को विपद् पूर्वसूचना प्रणाली निर्माण गरी जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र (DEOC) को पूर्वसूचना प्रणाली सँग आवद्धता कायम गर्ने र विपद सम्बन्धी पूर्वसूचना, सचेतना, विपद पछिको उद्धार राहत लगायतका सबै विवरणहरु सार्वजनिक गर्ने।

५. स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र (LEOC) स्थापना नभएका स्थानीय तहहरुले यथाशीघ्र गठन गरी जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र (DEOC) मा जानकारी दिने र स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रको फोकल पर्सनलाई सरकारी नम्बर उपलब्ध गराउने व्यवस्था गर्ने।

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दाङ

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

**निर्णय नं- १**

नेपाल सरकार गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा सिंहदरवार काठमाडौंको च.नं.१२७ मिति २०८०/१२/०५ गतेको पत्रानुसार विगत केही दिन देखी देशका विभिन्न जिल्लाहरूका अधिकांश भु-भागहरूमा सामुदायिक वन तथा घर गोठमा आगलागि भई जनधनको क्षति हुन गएको तथा देशको विभिन्न भागहरूमा सुख्खा मौसम हावाहुरी तथा आगलागिबाट विपद् घटनाहरू बढदै गईरहेको परिपेक्ष्यमा दाङ जिल्लामा पनि आगलागिजन्य विपद् घटनाहरू छिटफुट घटिरहेकोले विपद्सँग सम्बन्धित स्थानीय तहहरु, सरकारी कार्यालयहरु तथा सुरक्षा निकायहरु लगायत सम्वद्ध सबै सरोकारवाला निकायहरूले एक आपसमा समन्वय गरी सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने साथै विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि तयारी अवस्थामा रही आवश्यक समन्वय सहकार्य तथा साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं- २**

यो वर्ष गर्मी मौसम शुरु भईसकेको र मौसमको शुरु संगै आगलागि, हावाहुरी र चटयाङ् जस्ता विपद्जन्य घटनाहरु हुने सम्भावनालाई मध्यनजर गर्दै सो बाट बच्न बचाउन तथा नियन्त्रणका लागि तपसिल बमोजिमका गतिविधिहरु सञ्चालन गर्ने ।

- ❖ आगलागि तथा डढेलोको कारण पूर्वतयारी तथा जोखिम न्यूनिकरणका लागी सबै स्थानीय तहहरु लगायत विषयगत निकायहरुले उपयुक्त कार्य योजना तयार गरी कार्यान्वयन गर्ने ।
- ❖ कार्य योजनाको आधारमा सबै स्थानिय तहहरुले आगलागिको रोकथाम तथा नियन्त्रणका लागी विभिन्न भाषामा जनचेतनामुलक सन्देश तयार गरी प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाउने ।
- ❖ सबै सामुदायिक तथा निजी विद्यालयहरुमा बिहान प्रार्थनाको समयमा आगलागि सम्बन्धी जोखिमको बारेमा जानकारी गराउन सबै स्थानिय तह र शिक्षा विकास तथा समन्वय ईकाइलाई अनुरोध गर्ने ।
- ❖ आगलागी नियन्त्रणका लागि हाल जिल्लामा रहेका सबै दमकलहरुलाई तयारी अवस्थामा राख्ने र अध्यावधिक गर्ने ।
- ❖ आगलागी नियन्त्रणका लागी आवश्यक पर्ने सम्बन्धी स्रोत र सामग्रीहरु अध्यावधिक गर्ने, आगलागि सम्बन्धी सबै स्थानीय तहले कृतिम घटना अभ्यास गर्ने साथै प्राविधिक सहयोगको लागि सुरक्षा निकाय तथा जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रले सहयोग गर्ने ।
- ❖ दाङ जिल्लामा विध्युतका तारहरु तथा अन्य केबुलहरु निकै होचो तथा जीर्ण भएको कारण आगलागीका घटनाहरु बढ्दै गएकोले नेपाल विध्युत प्राधिकारणबा कार्यालयहरु तथा सम्बन्धित निकायहरुलाइ त्यस्ता जोखिमपूर्ण तारहरु हटाउने,जीर्ण रहेका र सडकवीचमा रहेका विध्युतका पोलहरु तुरुन्त हटाउन निर्देशन दिने । यस्ता जोखिमपूर्ण अवस्थाहरुका सम्बन्धमा फोटोसहित स्थानीय तहहरुले जिल्ला विपद ब्यवस्थापन समितिमा शिफारिस गर्ने ।

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दाङ

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

**निर्णय नं- ३**

स्थानीय तहहरुबाट प्राप्त स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनालाई आधारमानि जिल्लामा उपलब्ध निकायगत श्रोत साधनहरु, जनशक्तिको आकलन र अध्यावधिक गरी आगामी वर्षमा हुन सक्ने विपद्लाई मध्यनजर गर्दै खोज तथा उद्धार राहतको कार्यलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन जिल्ला विपद् व्यवस्थापन समितिको अगुवाईमा तथा सबै सरोकारवाला निकायहरुको सक्रिय सहभागितामा आवश्यक गृहकार्य गरी जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१/०८२ को सस्करण जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रले समन्वय गरी जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं- ४**

दाङ जिल्लाका सबै स्थानिय तहहरुका स्थानिय आपतकालिन कार्य सञ्चालन केन्द्र **LEOC** हरुले स्थानिय विपद् तथा जलवायु उत्थानशिल प्रतिकार्य योजना अध्यावधिक गरी जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र **DEOC** मा पठाउने निर्णय गरियो ।

**निर्णय नं- ५**

विभिन्न स्थानमा खाना पकाउने ग्याँस सिलिण्डर विस्फोट हुँदा आगलागि भई मानिसको मृत्यु तथा घाईते हुने र जनधनको ठुलो क्षति हुने सम्भावना रहेको देखिन्छ तसर्थ उक्त जोखिम न्यूनीकरण गर्न विपद् पूर्वतयारी योजनाका लागी स्थानिय तहहरुले आ-आफ्नो पालिकामा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने र नापतौल विभाग तथा सम्बद्ध अन्य सबै पक्षसँगको समन्वयमा अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं- ६**

घोराही उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय घोराही दाङको च.नं. ४२४४ मिति २०८०/१२/०२ गतेको पत्रबाट घोराही उप-महानगरपालिका वडा नं.१३ र वडा नं. १४ जोड्ने नयाँ बसपार्क सेवार खोला पुलनेरको भागमा वर्षायाममा नदिजन्य पदार्थ थुप्रिएको अवस्थामा रहेको उक्त पुलको ५० मिटर तल झिगौंरे कुलोको बाँध रहेकोले थुप्रिएको बालुवा नउठाएमा आगामी वर्षायाममा बालुवा झिगौंरे कुलामा परी बाँधलाई समेत क्षति हुने सम्भावना रहेको भनि घोराही उपमहानगरपालिकाको मिति २०८०/११/११ गतेको प्राविधिक प्रतिबेदन बाट उक्त स्थानबाट २६४० घन मिटर थुप्रिएको बालुवा प्रयोग गर्न सकिने भनी प्राविधिक प्रतिवेदन समेतका आधारमा उल्लेखित परिमाणको नदिजन्य पदार्थ वडा नं.१३ का विभिन्न सडक मर्मत प्रयोगका लागी घोराही उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०८०/११/२१ गतेको १५४ औं बैठकको निर्णय र सडक डिभिजन कार्यालयको दाङको च.नं. १००१ मिति २०८०/१२/१३ गतेको पत्रबाट उक्त परिमाणको नदिजन्य पदार्थ उत्खनन् गर्नुपर्ने भनि प्रतिवेदन समेत राखि उत्खनन् गर्न लेखी आएकोले उक्त परिमाणको बालुवा सम्बन्धीत निकायहरुको समन्वयमा हटाउने निर्णय गरियो ।

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दाङ

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

**निर्णय नं- ७**

डिभिजन वन कार्यालय, दाङ (देउखुरी) को च.नं.१०७९ मिति २०८०/११/०९ गतेको पत्रबाट गढवा गाउँपालिका वडा नं.१ निवासी गिता नेपालीको कुलपानी सामुदायिक वन उपभोक्ता समूह भित्र पर्ने घर नजिक सिमल जातको रुख थान १ (एक) सुकेर जिर्ण अवस्थामा रहेको, हाल हावाहुरीको समयमा कुनै पनि बेला ढल्न गई मानवीय तथा भौतिक क्षति हुन सक्ने भएकाले उक्त रुख हटाउनका लागी गढवा गाउँपालिका १ नं. वडा कार्यालय मलमला दाङको च.नं. ७७३ मिति २०८०/११/०६ गतेको सिफारिस पत्र र गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गढवा दाङको च.नं.११६१ मिति २०८०/११/०८ गतेको पत्रबाट सिफारिस भई जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णयको लागि लेखी आएकोले सम्बन्धीत सरोकारवाला निकायसँग समन्वय गरी हटाउने निर्णय गरियो ।

**निर्णय नं- ८**

राप्ती गाउँपालिकास्थित मसुरियामा मिति २०८०।१२।१० गते विध्युतको हाइटेन्सन लाइन चुँडिएर आगलागी भइ राप्ती गाउँपालिका वडा नं ३ निवासी वर्ष ६७ का गोरखबहादुर केसी, वर्ष ५५ की दिलसरा केसी र वर्ष ४ का चन्द्रबहादुर केसी एकाघरका ३ जना व्यक्तिको मुत्यु भएको भनी प्राप्त प्रहरी प्रतिवेदन राप्ती गाउँपालिकाको शिफारिस समेतका आधारमा निजका एकाघर सगोलका परिवारलाइ विपद् पिडीत उद्धार राहात सम्बन्धी मापदण्ड २०७७ को सातौं संसोधन बमोजिम रु ४ लाख राहात उपलब्ध गराउने निर्णय गरियो । तर सो राहात रकम जिल्ला विपद् कोषमा हाल पर्याप्त नभएकोले नेपाल सरकार गृह मन्त्रालय समक्ष माग शिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं- ९**

सुरक्षाकर्मीहरुलाई विपद्को समयमा आवश्यक पर्ने सशस्त्र प्रहरीबाट प्राप्त स्पेशिफिकेसन बमोजिमको विशेष प्रकृतिको बलियो पन्जा ~~थान~~ १०० विपद् कोषबाट खरीद गर्ने निर्णय गरियो ।

थप जोर

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दाङ

## प्रस्तावहरु

१. आगलागीजन्य घटनाहरुबाट बच्न र बचाउन सावधानी अपनाउने तथा आगलागीका घटनाहरु न्यूनीकरण गर्नको लागि सरोकारवाला सम्वद्ध सबै पक्षले समन्वय गर्ने सम्बन्धमा।

२. दाङ जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१/०८२ अध्यावधिक गर्न जिम्मेवारी दिने सम्बन्धमा ।

३. दाङ जिल्लाको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८१ तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने सम्बन्धमा ।

४. मनसुनजन्य जोखिममा पर्न सक्ने लक्षित वर्गलाई पहिचान गरी बाढी, पहिरो र डुबान भएको समयमा खोज, उद्धार र राहत वितरणमा प्राथमिकता दिने सम्बन्धमा ।

**निर्णय नं. १**

दाङ जिल्लाका बिभिन्न स्थानहरुमा आगलागी तथा डढेलोका घटनाहरुमा विगतका वर्षहरु भन्दा तीव्र रुपमा बृद्धि भएको छ। जसले गर्दा मानवीय तथा धनजनको क्षती, मानव स्वास्थ्यमा प्रतिकुल असर हुनुका साथै ऐतिहासिक, धार्मिक वन तथा सम्पदाहरुमा अपूरणीय नोक्सान हुन पुगेको छ। यस्ता घटनाहरु मानवीय असावधानी तथा त्रुटीको कारण भएको पाइएकोले देहाय वमोजिम सावधानी, सतर्कता अपनाई सहयोग गर्नुहुन सम्पूर्ण स्थानीय तह, राजनितिक दल, जनप्रतिनिधि, निजी क्षेत्र, संघ-संस्था, नागरिक समाज, सुरक्षाकर्मी, पत्रकारहरु लगायत आम जिल्लावासी महानुभावहरुमा अनुरोध गर्ने।

**देहायः**

- आगो लगाउने व्यक्तिहरुको बारेमा सूचना दिनेलाई निवेदकको गोपनियता कायम गरी पुरस्कृत गरिने छ । दोषी उपर प्रचलित नियमानुसार कारवाही गरिने व्यहोरा जानकारी गर्ने ।
- धुम्रपान गरी चुरोट, सलाई, लाईटर जथाभावी रुपमा फाल्ने व्यक्तिहरुको पहिचान गरी कारवाहीको दायरामा ल्याउन सहयोग गर्ने ।
- आगलागीका घटनामा रोकथाम तथा नियन्त्रणको लागि सम्पूर्ण स्थानीय तह, जनप्रतिनिधि, वन उपभोक्ता समुह निजि क्षेत्र, रेडक्रस, नगर प्रहरी, सुरक्षाकर्मी, मानवीय सहायता आवद्ध संघ-संस्था, सम्पूर्ण समुदाय सामुहिक रुपमा तुरुन्त परिचालित हुनुहुन ।
- आफ्नो घर तथा कार्यालय, उद्योग तथा पसलहरुमा रहेका बिद्युतीय लाइन तथा उपकरणहरु नियमित चेकजाँच गरी मर्मत सम्भार गराउनहुन ।
- सम्बन्धित निकायहरुले आगलागी नियन्त्रण तथा उद्दार तथा पुर्नस्थापनाको लागि सामग्री तथा अन्य विपद्का उपकरणहरु खरिद गरी तयारी अवस्थामा राख्नु हुन ।
- दुरसंचार तथा विद्युत कार्यालयहरुले आ-आफ्ना टावर रहेका स्थानमा सफाइ गरी टावर सुरक्षित राख्ने व्यवस्था मिलाउने।

- यस वर्ष दाङ जिल्लामा आगलागीबाट धेरै धनजन, पशु चौपाय तथा मानवीय क्षती भएको र अझै ठुलो जोखिम रहेकाले आगलागी जन्य विपदका घटना न्युनीकरणका लागि सबै पालिकाहरुले सोको पूर्वतयारी गर्नुका साथै जनचेतना अभिवृद्धि गर्न प्रचार प्रसार कार्यक्रम सञ्चालन गर्ने ।
- आगलागीबाट क्षती भएका घर परिवालाई राहत वितरण र पुर्नस्थापनामा जोड दिने, सबै सुरक्षा निकायहरुले स्थानीय पालिकाहरु तथा सरकारी तथा गैर सरकारी संघ-संस्थाहरुसँग समन्वय गरी

आवश्यकता अनुसार जुनसुकै बेला पनि परिचालन हुन सक्ने गरी व्यवस्था मिलाउने, डिभिजन वन कार्यालयहरुले आफ्नो मातहत रहेका सबै सरकारी र सामुदायिक वनमा लागेको आगलागी नियन्त्रण गर्नका लागि समन्वय गरी नियन्त्रण गर्ने व्यवस्था मिलाउने, विद्युत कार्यालयले क्षतिग्रस्त बिद्युतका तारपोल तत्काल मर्मत गर्ने व्यवस्था मिलाउने, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले आगलागीबाट जल्न सक्ने र जलेका पाईप तथा संरचनाहरु संरक्षण तथा पुनर्निर्माण गर्ने व्यवस्था मिलाउने तथा अन्य सबै सरोकारवाला सरकारी र गैर सरकारी निकायहरुले जिल्ला विपद् व्यवस्थापन समिति स्थानीय तह, सुरक्षा निकायसँगको समन्वयमा उद्धार, राहत वितरण र पुनरस्थापनामा सहयोगी भुमिका निर्वाह गर्ने ।

**निर्णय नं. २**

दाङ जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना २०८१/०८२ अध्यावधिक र छपाई गर्नका लागि USAID को तयार नेपाल परियोजनालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस वर्षको मनसुन प्रारम्भिक पूर्वानुमानअनुसार गत वर्ष भन्दा यस वर्ष भारी बर्षा हुन सक्ने सम्भावना रहेको तथा बाढी पहिरो, डुवानको उच्च जोखिम हुन सक्ने पूर्वानुमान भएकोमा जल तथा मौषम बिज्ञान बिभागले २०८१ सालको बैशाख तेस्रो हप्ता भित्र, यस वर्षको मनसुनले आधिकारीक चित्र सार्वजनिक गर्ने जानकारी बमोजिम यस वर्ष बर्षातको समयमा हुन सक्ने बाढी पहिरो, डुवान जस्ता मनसुनजन्य जोखिमबाट क्षती न्युनीकरण गर्नका लागि सरोकारवाला सबै सरकारी, गैर सरकारी निकायहरुले प्रभावकारी रुपमा कार्य गर्ने तथा जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र दाङले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

मनसुनका कारण जोखिममा पर्न सक्ने खास गरी अति विपन्न परिवार जेष्ठ नागरिक, बालवालिका, गर्भवती महिला,सुत्केरी महिला, अपाङ्ग भएका व्यक्ति तथा समुदायको पहिचान गरी बाढी पहिरो तथा डुवान भएको समयमा खोज उद्धार र राहत वितरण गर्नका लागि निम्न कार्यहरु गर्ने तर्फ प्राथमिकता दिने ।

- गैर सरकारी संघ-संस्थाहरुले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी बाढी पहिरो तथा डुवानबाट प्रभावित हुने परिवारलाई खाद्य सामग्री र गैर खाद्य सामग्री राहत स्वरुप उपलब्ध गराउने।
- बाढी पहिरो तथा डुवान भएको समयमा हुन सक्ने बिभिन्न रोग र बिरामीहरु लक्षित गरी स्थानीय स्वास्थ्य शाखा र जनस्वास्थ्य कार्यालयसँग समन्वय गरी आवश्यक औषधी उपलब्ध गराउने ।
- मनसुन अवधीभर भारी बर्षाका कारण बाढी, पहिरो तथा डुवान जस्ता घटनाहरु घट्न सक्ने हुँदा मनसुन सम्बन्धि पूर्व सुचना समुदाय सम्म पुर्याउन मनसुन अवधीभर जनहीतमा प्रकाशन र प्रसारण गरी दिनको लागि पत्रकार महासंघ दाङ शाखा मार्फत सबै सञ्चार माध्यमहरुलाई अनुरोध गर्ने

## निर्णयहरु

दाङ जिल्लाका विभिन्न स्थानहरुमा आगलागी तथा डढेलोका घटनाहरु विगतका वर्षहरुमा भन्दा तीव्र रुपमा वृद्धि भई मानवीय तथा धनजनको क्षती, मानव स्वास्थ्यमा प्रतिकुल असर हुनुका साथै ऐतिहासिक, धार्मिक वन तथा सम्पदाहरुमा अपूरणीय नोक्सान हुन पुगेकोले आगलागीका थप घटनाहरु हुने सम्भावनालाई मध्यनजर गरी सो बाट बच्न बचाउन तथा नियन्त्रणका लागि तपसिल बमोजिमका गतिविधिहरु सञ्चालन गर्ने निर्णय गरियो ।

### निर्णय नं. १

आ-आफ्नो वडा क्षेत्रहरुमा आगलागी तथा वन डढेलोका घटना भएमा तत्कालै स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्रहरुले यस जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा सुचना दिई नजिकका सुरक्षा निकायसँग समन्वय गरी नियन्त्रण गर्ने ।

### निर्णय नं.२

कार्य योजनाको आधारमा सबै स्थानीय तहहरुले आगलागीको रोकथाम तथा नियन्त्रणका लागि विभिन्न भाषामा जनचेतनामुलक सन्देस तयार गरी प्रकाशन तथा प्रसारण गरी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा जानकारी गराउने ।

### निर्णय नं. ३

आ-आफ्नो पालिकामा रहेका दमकल साथै अग्नि नियन्त्रणका सामग्रीहरु तयारी अवस्थामा राख्ने र उद्धारमा प्रयोग हुने सामग्रीहरुको अभिलेख अध्यावधिक गरी यस जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा यथाशिघ्र पठाउने ।

### निर्णय नं. ४

दाङ जिल्लाका सबै स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्रहरुले विपद् प्रभावितहरुको विवरण संप्रेषण तथा अभिलेखीकरण गर्दा देहाय वमोजिमको ढाँचा अपनाउने ।

.................. पालिका, दाङ ।

विपदजन्य घटनाहरुको विवरण

| क्र.सं. | विपदको किसिम | प्रभावितको नाम | ठेगाना | उमेर/लिङ्ग | जात धर्म | दिर्घरोगीको शारिरीक अवस्था | गर्भवती भए/नभएको | शैक्षिक अवस्था | आर्थिक अवस्था | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दाङ

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

## प्रस्तावहरुः-

१. मनसुनजन्य विपदबाट हुने क्षति न्यूनीकरण गर्न पूर्वतयारी गर्ने सम्बन्धमा ।
२. मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ स्वीकृत गर्ने सम्बन्धमा ।
३. बंगलाचुली गाउँपालिकाको निजी आवास पुनःनिर्माण लाभग्राही सेवा कायम गर्नको लागि गृह मन्त्रालय राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सिफारिस गर्ने सम्बन्धमा ।
४. राजपुर गाउँपालिका वडा नं ७ हाडबास दाङमा मिति २०८१/०१/१६ गते आगलागीबाट भएको क्षतिको लागि जिल्ला प्रशासन कार्यालयबाट वितरण गरिएको खाद्य र जिन्सी राहत सामाग्रीको खरिद रकम अनुमोदन गर्ने सम्बन्धमा।
५. गढवा गाउँपालिका वडा नं ३ मा विद्युतको हाईटेन्सन तार चुडिएर करेन्ट लागी मृत्यु भएका व्यक्तिहरुलाई थप राहत वितरण सम्बन्धमा ।
६. लमही नगरपालिका वडा नं ४ मा निर्माण भैरहेको ट्रमा सेन्टरको परिसरमा रहेको जोखिम युक्त रुख हटाउने सम्बन्धमा ।
७. राप्ती गाउँपालिका वडा नं ३ मसुरियाको भवन पछाडि रहेको जोखिम युक्त रुख हटाउने सम्बन्धमा ।
८. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङबाट विपद्जन्य घटनाबाट क्षति भएको विभिन्न ठाउँमा वितरण गरिएको पाईप अनुमोदन गर्ने सम्बन्धमा ।
९. घोराही उपमहानगरपालिका वडा नं ७ सेवार खोला र गुर्जे खोलाको दोभान नजिकै ग्रावेल उठाउन अनुमति प्रदान गर्ने सम्बन्धमा ।
१०. आ.व.२०८०/२०८१ को श्रावण देखि हालसम्म जिल्ला विपद कोषबाट दाङ जिल्लामा विपद्जन्य घटनामा क्षति भएका तथा मृत्यु भएका घर-परिवारलाई वितरण गरिएको राहत रकम अनुमोदन गर्ने निर्णय गरियो।
११. लमही नगरपालिका वडा नं. ५ र ६ तथा पुर्व पश्चिम राजमार्गका रुख हटाउने सम्वल्धमा ।

## निर्णयहरुः-

**निर्णय नं. १**

दाङ जिल्लामा विगत देखि मनसुनजन्य विपद्हरु चट्याङ, बाढी, पहिरो जस्ता विपद्ले ठुलो हानी नोक्सानी तथा धनजनको क्षती गर्दै आएकोले विशेष गरी वर्षा र पहिरोको अत्याधिक जोखिम रहेका पहाडी क्षेत्र, भारी वर्षाको समयमा राप्ती र बबई नदी तथा अन्य सहायक खोला नजिक रहने समुदायले उच्च सतर्कता अपनाउन, बाढिको बहाव आउने तल्ला तटीय क्षेत्रमा पानीको स्तर वृद्धि हुनासाथ सतर्क भइ सुरक्षित भएर बस्न र आफ्नो वरपरका समुदायलाई समेत सुरक्षित स्थानमा जान सबै स्थानिय तहहरुले अनुरोध गर्ने साथै विपद् प्रतिकार्यको क्षेत्रमा कार्य गर्ने विषयगत शाखाहरुले पनि उच्च सतर्कताका साथ प्रतिकार्यका लागी तपसिल बमोजिम पूर्वतयारी गर्ने गराउने निर्णय गरियो ।

**बाढी, पहिरोजन्य विपदका सम्बन्धमा देहाय बमोजिम गर्ने गराउनेः-**

१. सबै सुरक्षा निकायहरु, स्थानीय पालिकाहरु र सरकारी तथा गैर-सरकारी संघसंस्थाहरु उच्च तयारीमा बस्ने र आवश्यकता अनुसार जतिसुकै बेला पनि परिचालन हुन सक्ने गरी व्यवस्था मिलाउने ।
२. बाढि तथा पहिरोबाट राजमार्ग र सडक अवरुद्ध हुन नदिनका लागी डिभिजन सडक कार्यालय दाङले हेभि इक्वीपमेन्टहरु तयारी अवस्थामा राखे ।
३. सबै स्थानिय तहहरुले आफ्नो पालिका स्तरमा र समुदाय स्तरमा विपद्को समयको लागी उपयूक्त सुरक्षित तथा खुल्ला स्थान तयारी अवस्थामा राखे ।
४. स्थानिय तहले वडा स्तर सम्म नै बिपद् व्यवस्थापन समिति र विपद प्रतिकार्य कार्यदल तयार गर्ने ।
५. जिल्ला स्थित सबै सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानिय तहहरु र अन्य सम्बन्धीत निकायहरूमा रहेका सबै प्रकारका खोज तथा उद्धार सामाग्री र जनशक्ति तयारी अवस्थामा राखे ।
६. सबै स्थानीय तहले संचार माध्यम (एफ.एम. रेडियो पत्रपत्रिका) मार्फत मनसुन पूर्वतयारीका सूचनाहरु मनसुन अवधिभर जनहितमा प्रसारण गर्ने ।

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

**चट्याङजन्य विपदका सम्बन्धमा सबै निकायहरुले देहायबमोजिम सुसूचित गर्ने गराउनेः-**

<table>
<tr><th colspan="2">सतर्कताका उपायहरु</th></tr>
<tr><td>घरभित्र रहँदाः<br>- विद्युतीय सामाग्रीहरु जस्तैः टि.भी, कम्प्युटर, फ्रिज, वासिङ्ग मेसिन बन्द गर्ने ।<br>- झ्याल ढोका बन्द गरी घरको भित्तादेखि टाढै बस्ने ।<br>- अत्यावश्यक अवस्थामा बाहेक मोबाइल वा कर्डलेस फोन प्रयोग नगर्ने ।<br>- घर बाहिर ननिस्कने ।<br>- तारसहितको टेलिफोन प्रयोग गरी कुरा नगर्ने।</td><td>घरबाहिर रहँदाः<br>- आकाशमा बिजुली चम्किन र गड्यागुडुङ्ग गर्न थालेपछि घर भित्र बस्ने ।<br>- पक्की घर वा गाडी नजिक छ भने घर वा गाडी भित्र झ्याल ढोका बन्द गरी बस्ने ।<br>- खुल्ला मैदानमा भए दुई घुँडा बीच टाउको लुकाई टुक्रुक्क बस्ने ।<br>- नजिक घर छैन भने तुरुन्त सुरक्षित स्थानमा ओत लाग्ने ।<br>-रुख वा बिजुलीको पोलमुनि कहिल्यै नबस्ने।<br>- खेतबारीमा काम नगर्ने ।<br>- पौडी खेल्ने, माछा मार्ने, र्‍याफ्टिङ्ग गर्ने जस्ता क्रियाकलाप नगर्ने ।</td></tr>
</table>

**निर्णय नं. २**

विपद् बारे जनचेतना अभिबृद्धि गर्दै सम्भावित जोखिमलाई न्यूनीकरण गर्न आवश्यक स्रोत साधनको पूर्व प्रबन्ध, जिल्लामा उपलब्ध स्रोत साधनहरु,जनशक्तिको आँकलन गरी मनसुनको समयमा हुन सक्ने विपद्लाई मध्यनजर गर्दै खोज तथा उद्धार, राहतको कार्यलाई थप व्यवस्थित तथा प्रभावकारी गरी सबै सरोकारवाला निकायहरुसँग समन्वय गरी तयार पारिएको **मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१** स्वीकृत गरी सबै सम्बद्ध निकायहरुले तत्काल सावधानीका उपाय अपनाउदै आ-आफ्नो तयारीका साथ जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ३**

बंगलाचुली गाउँपालिका गाउँकार्यपालिकाको च.नं.१२२९ मिति २०८१/०१/२५ गतेको पत्रानुसार तथा स्थानिय विपद् व्यवस्थापन समितिको मिति २०८०/०८/२८ गतेको निर्णयको छायाँ कपि यस जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा पेश गरी छलफल गर्दा तपसिलमा उल्लेखित २८ (अठ्ठाईस) व्यक्तिहरुलाई निजी आवास पुनःनिर्माण लाभग्राही सेवा कायम गर्नको लागी गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिलः-

| सर्वेक्षण दर्ता नम्वर | घरमुलीको नाम थर | जिल्ला | स्थानीय स्तर | वडा नम्वर | सर्वेक्षणकर्ता |
|---|---|---|---|---|---|
| २०८३-२-२ | कैलास बि.क | दाङ | बंगलाचुली गाउँपालिका | ६ | manmayk |
| २०८२-१-२० | खेतुलाल कवर मगर | दाङ | बंगलाचुली गाउँपालिका | ४ | prembc |
| २०८२-१-११ | लुमाकान्त परियार | दाङ | बंगलाचुली गाउँपालिका | ४ | prembc |
| २०८४-१-१६ | खेतुलाल गाहा मगर | दाङ | बंगलाचुली गाउँपालिका | ८ | bharatdhn |
| २०८०-१०-५ | पार्वता परियार | दाङ | बंगलाचुली गाउँपालिका | १ | anita b magar |
| २०७९-४-१ | नमराज पोखरेल | दाङ | बंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०८१-३-५७ | सरिता गाहा मगर | दाङ | बंगलाचुली गाउँपालिका | ८ | anita b magar |
| २०८१-३-५८ | ज्ञान बहादुर रानामगर | दाङ | बंगलाचुली गाउँपालिका | ८ | anita b magar |
| २०८०-१०-८ | गिता पुन मगर | दाङ | बंगलाचुली गाउँपालिका | ८ | shaktigc |
| २०७९-३-११ | यज्ञ वहादुर पुन | दाङ | बंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-२ | रत्नविर थापा मगर | दाङ | बंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-६ | फन वहादुर वस्नेत | दाङ | बंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-७ | जित वहादुर ठेडि | दाङ | बंगलाचुली गाउँपालिका | २ | dakshina |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७९-३-११ | प्रेम वहादुर कामि | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-१० | छविदेवि वि.क. | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-१३ | खगिदेवि कामि | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-१९ | जनक सुनार | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-२० | सारा पुन मगर | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०८१-३-५९ | सिव कुमारी वुढा | दाङ | वंगलाचुली गाउँपालिका | ८ | anita b magar |
| २०७९-३-२१ | दोर्ण वहादुर कामि | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-८ | मानसिंह रोका मगर | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-५ | छम वहादुर घर्ती मगर | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०७९-३-४ | गल वहादुर कामि | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०८३-२-२८ | युवराज वली | दाङ | वंगलाचुली गाउँपालिका | ६ | manmayk |
| २०८१-३-३० | नरविर सुनार | दाङ | वंगलाचुली गाउँपालिका | ८ | anita b magar |
| २०७९-३-१२ | दिल वहादुर कामि | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |
| २०८२-१-१ | डम्वर वहादुर वस्नेत | दाङ | वंगलाचुली गाउँपालिका | ४ | premgc |
| २०७९-३-१७ | भेग वहादुर घर्ति मगर | दाङ | वंगलाचुली गाउँपालिका | २ | dakshina |

**निर्णय नं. ४**

राजपुर गाउँपालिका वडा नं. ७ हाडबास दाङमा मिति २०८१/०१/१६ गते आगलागी हुँदा उक्त गाउँका २३ घर जलेर नष्ट भएका घरपरिवारलाई जिल्ला प्रशासन कार्यालयको तर्फबाट तत्कालै मिति २०८१/०१/१७ गते वितरण गरिएको खाद्य तथा जिन्सि सामग्री (भेलि/गुड- ६० के.जी, च्युरा-१०० के.जी, डेक्ची-२५.४२० के.जी, ढलोट कराई-२७.८४० के.जी, डाडु/पन्यो- ६.०४० के.जी, थालि-५० थान, गिलास-५० थान, कचौरा-५० थान, बाल्टी-५० थान, मग-५० थान) हरुको भ्याट सहितको खरिद मुल्य रु.७६,६३३.७९/- (अक्षरुपि छयत्तर हजार छ सय तेत्तिस रुपैयाँ उनानअसि पैसा) बराबरको खाद्य तथा जिन्सि सामग्रीको उल्लेखित रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

जिल्ला विपद् व्यवस्थापन समिति दाङको मिति २०८०/१२/१५ गते भएको निर्णय अनुसार राप्ती गाउँपालिका वडा नं. ३ मसुरियामा मिति २०८०/१२/१० गते विद्युतको हाईटेन्सन लाईन चुडिएर करेन्ट लागी मृत्यु भएका ३ जना व्यक्तिहरुलाई रु. ४,००,०००/-(अक्षरुपि चार लाख) दिने निर्णय भएकोमा राप्ती गाउँपालिका ३ नं. वडा कार्यालयको च.नं. १३०८ मिति २०८०/१२/२१ गतेको सिफारिस पत्रबाट मृतकहरु गोरख बहादुर के.सी. र दिलसरा के.सी. एक संगोलका परिवार र मृतक ईश्वर के.सी. एक संगोलको परिवारको सदस्य भएको भनि सिफारिस भई आएकोले विपद् पिडित उद्दार तथा राहत सम्बन्धी मापदण्ड,२०७७ को सातौं संसोधन अनुसार मिति २०८०/१२/१५ गते भएको निर्णयमा पुनः रु. १,००,०००/- (अक्षरुपि एक लाख रुपैयाँ) थप गरी रु. ५,००,०००/-(अक्षरुपि पाँच लाख रुपैयाँ) यस कार्यालयबाट भुक्तानी दिइएकोले सो भुक्तानी गरिएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

डिभिजन वन कार्यालय दाङ (देउखुरी) को च.नं. २८४६ मिति २०८०/०१/२६ गतेको पत्रबाट लमही दाङ देउखुरी स्थित निर्माणाधिन ट्रमा सेन्टर भवन निर्माण स्थलको परिसरमा रहेका जोखिम युक्त सिसौ जातको रुख थान-५ र आँप जातको रुख थान-१ हटाउनुपर्ने अवस्थामा रहेका तथा नहटाइएमा जनधनको क्षति हुने अवस्था रहेको भनि शहरी विकास तथा भवन डिभिजन कार्यालय दाङको च.नं.९१५ मिति २०८१/०१/२५ गतेको पत्र तथा लमहि नगरपालिका ४ नं. वडा कार्यालयको च.नं.१३३४ मिति २०८१/०१/२६ गतेको पत्रबाट सिफारिस भई जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णयको लागी लेखि आएकोले सम्बन्धित सरोकारवाला निकायहरु सँगको समन्वयमा हटाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

डिभिजन वन कार्यालय दाङ (देउखुरी) को च.नं. २८४७ मिति २०८०/०१/२६ गतेको पत्रबाट राप्ती गाउँपालिका भवन पछाडि रहेको जोखिम युक्त साल जातको रुख थान-१ (सुखड) र असना जातको रुख थान-१ हटाउनका लागी राप्ती गाउँपालिका गाउँकार्यपालिकाको च.नं.१८०२ मिति २०८१/१२/१६ गतेको सिफारिस पत्रबाट जोखिम युक्त रुख हटाईदिनको लागी जिल्ला विपद् व्यवस्थापन समितिममा निर्णयको लागी सिफारिस भई आएकोले सम्बन्धित सरोकारवाला निकायहरु सँगको समन्वयमा हटाउने निर्णय गरियो ।

**निर्णय नं.८**

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको च.नं ९३३ मिति २०८१/०२/०९ को सिफारिस पत्रबाट दाङ जिल्लामा विपद्जन्य घटनाबाट क्षति भएको तथा अन्य सार्वजनिक क्षेत्रहरुमा तपसिल बमोजिम वितरण गरिएको जम्मा ५,६५० मिटर पाईप जिल्ला विपद् व्यवस्थापन समितिमा निर्णयका लागी सिफारिस भई आएकोले वितरण गरिएको उक्त परिमाणको पाईप अनुमोदन गर्ने निर्णय गरियो।

तपसिलः-

- राजपुर गाउँपालिकामा वडा नं. ७ हाडबास दाङमा -१,००० मिटर, **(40 र 32 mm)**
- सशस्त्र प्रहरी बल नं.२९ गण भालुवाङ दाङमा - ८५० मिटर, **(32, 25 र 20 mm)**
- बालबिसौनी आधारभुत विद्यालय राजपुर गाउँपालिका-१ दाङमा - ५०० मिटर, **(25 mm)**
- तुलसिपुर वडा नं.३ भगवति टोल गोकुल डाँडा दाङमा - २,७०० मिटर, **(50 र 32 mm)**
- प्रतावित सिमा सुरक्षा गुल्म कोईलावास दाङमा - ६०० मिटर (32 mm)

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय घोराही दाङको च.नं. ५३९४ मिति २०८१/०१/२० गतेको पत्रबाट घोराही उपमहानगरपालिका वडा नं.७ सेवार खोला र गुर्जे दोभान माथि गुर्जे खोलाको दायाँ किनारामा जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय तुलसिपुर दाङबाट तटबन्धन निर्माण हुँदा खोलाको बहाव क्षेत्रको लेभल माथि उठ्न गई बर्षायाममा किनाराका खेतियोग्य जमिन कटान हुनसक्ने सम्भावना रहेकोले उक्त ठाउँको २६२५ घ.मी. ग्राबेल उठाउन सकिने भनि घोराही उपमहानगरपालिका मिति २०८०/१२/२२ गतेको प्राविधिक प्रतिवेदन र नगर कार्यपालिकाको मिति २०८०/१२/२७ गतेको १५५ औं बैठकको निर्णय सहित अनुमतिको लागी पत्र प्राप्त भएकोमा उक्त ठाउँमा जिल्ला प्रशासन कार्यालयका कर्मचारी तथा जिल्ला समन्वय समिति, सडक डिभिजन कार्यालय र घोराही उपमहानगरपालिकाका प्राविधिक बाट स्थलगत अनुगमन गरी माथि उल्लेखित परिमाणमा ग्राबेल उठाउन सकिने प्रतिवेदन प्राप्त भएकोले उक्त परिमाणको ग्राबेललाई राजस्व लिइ सम्बन्धित निकायको समन्वयमा हटाउन घोराही उपमहानगरपालिकालाई अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. १०**

आ.व.२०८०/२०८१ को श्रावण देखि हालसम्म जिल्ला विपद कोषबाट दाङ जिल्लामा विपद्जन्य घटनामा क्षति भएका तथा मृत्यु भएका घर-परिवारलाई वितरण गरिएको तपसिल बमोजिमको जम्मा राहत रकम रु. २३,१५,०००/- (अक्षरुपि तेइस लाख पन्ध्र हजार) अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिलः-**

| क्र.स. | पालिका | राहत वितरण गरिएको घर परिवार संख्या | वितरण गरिएको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | घोराही उपमहानगरपालिका | १३ | ३,६५,०००/- | मृत्यु-१ जना |
| २. | तुलसिपुर उपमहानगरपालिका | ६ | ८५,०००/- | |
| ३. | लमही नगरपालिका | ५ | २,६०,०००/- | मृत्यु-१ जना |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दाङ

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ४ | राजपुर गाउँपालिका | २९ | ४,१५,०००/- | |
| ५. | राप्ती गाउँपालिका | ७ | ५,५५,०००/- | मृत्यु-३ जना |
| ६. | गढवा गाउँपालिका | ४ | ६०,०००/- | |
| ७. | बंगलाचुली गाउँपालिका | ६ | ९०,०००/- | |
| ८. | दंगिशरण गाउँपालिका | ४ | २,५५,०००/- | मृत्यु-१ जना |
| ९. | शान्तिनगर गाउँपालिका | २ | २,१५,०००/- | |
| १०. | बबई गाउँपालिका | १ | १५,०००/- | |

**निर्णय नं .११**

डिभिजन वन कार्यालय दाङ (देउखुरी) को च.नं. २९९० मिति २०८०/०२/०९ गतेको पत्रबाट लमही नगरपालिका वडा नं. ५ र ६ मा रहेका जोखिमयुक्त मसला जातको रुख थान-४ र धौटी जातको रुख थान-१ तथा पूर्व पश्चिम राजमार्ग अन्तर्गत राप्ती गाउँपालिका क्षेत्रमा रहेका जोखिमयुक्त साल जातको रुख थान-१, असना जातको रुख थान-१ र सिसौ जातको रुख थान-१ हटाउनुपर्ने अवस्थामा रहेका तथा नहटाइएमा जनधनको क्षति हुने अवस्था रहेको भनि शडक डिभिजन कार्यालयको च.नं. ८२ मिति २०८०/०४/२८ तथा लमही नगरपालिका वडा नं. ५ कार्यालयको च.नं. २२१५ मिति २०८०/१२/१९ र लमही नगरपालिका वडा नं. ६ कार्यालयको च.नं. १७५७ मिति २०८०/१२/२० गतेको पत्रबाट सिफारिस भई जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णयको लागी लेखि आएकोले सम्बन्धित सरोकारवाला निकायहरु सँगको समन्वयमा हटाउने निर्णय गरियो ।

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

## जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८१/०३/३० गतेको बैठकका निर्णयहरू:-

१. यो वर्षको मनसुनजन्य विपदमा परी दुखद मृत्यु भएका ५ जना दाङवासी नागरिकहरुप्रति भावपुर्ण श्रद्धाञ्जली तथा घाइते र पिडितहरुको शीघ्रस्वास्थ्यलाभको कामना गर्दै विपद् पिडीतहरुका लागि प्रचलित कानूनबमोजिम राहत तथा पुनस्थापनाका लागि तीनतहका सरकार र सरोकारवाला निकायहरुवीच समन्वयात्मक रुपमा शीघ्र कार्य गर्ने निर्णय गरियो ।

२. विपद् बारे चेतना अभिबृद्धि गर्दै सम्भावित जोखिमलाई न्यूनिकरण गर्न आवश्यक स्रोत साधनको पूर्व प्रबन्ध, जिल्लामा उपलब्ध स्रोत साधनहरु,जनशक्तिको आँकलन गरी मनसुनको समयमा हुन सक्ने विपद्लाई मध्यनजर गर्दै खोज तथा उद्धार, राहतको कार्यलाई थप व्यवस्थित तथा प्रभावकारी सबै सरोकारवाला निकायहरुसँग समन्वय गरी तयार पारिएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१/०८२ स्वीकृत सबै सम्वद्ध निकायहरुले तत्काल सावधानीका उपाय अपनाउँदै आ-आफ्नो तयारीका साथ विपद् व्यवस्थापन समितिको समन्वयमा कार्यान्वयनमा ल्याइ सबै स्थानीय सरकारहरुले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी विपद् पूर्वतयारीका गतिविधि सञ्चालन गर्ने वडा स्तरसम्म नै विपद् व्यवस्थापन समिति गठन/पूर्नगठन गर्ने र स्थानीय विपद् सहायता कक्ष गठन गरी विपद्जन्य घटनामा हुने क्षति न्यूनीकरण र पूर्वतयारीमा दश वटै स्थानीय सरकारहरु सक्रिय रूपमा लाग्ने निर्णय गरियो।

**३. मनसुन सक्रिय रहेको हुँदा राप्ती नदी, बबई नदी तथा अन्य खहरे खोलाले ल्याउन सक्ने संम्भवित जोखिमलाई आ-आफ्नो स्थानिय तह मार्फत आवश्यक समन्वय गरी तत्काल डुवान/कटान हुने क्षेत्रहरुमा हुने क्षतिलाई कम गर्न आवश्यक तयारीलाई देहायबमोजिम प्रभावकारी बनाउने निर्णय गरियो।**

- विपद् सम्वन्धी पूर्व सूचना समुदायसम्म पुर्याउन सकिएमा मानविय क्षति कम गर्न सकिने हुँदा समुदायसँगको पहुँच माध्यम (संचार मिडियाहरु एफएम रेडियो तथा पत्रपत्रिकाहरु) मार्फत पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धि सूचनाहरु मनसुन अवधिभर जनहितमा प्रकाशन तथा प्रशारण गरिदिनको लागि पत्रकार महासंघ दाङ शाखा मार्फत सबै सञ्चार माध्यमहरूलाई अनुरोध गर्ने ।
- मनसुनको समयमा भारी वर्षाका कारण बाढी र पहिरो आई विपद्जन्य घटनाहरु घटन सक्ने, विभिन्न पक्की सडक, कच्ची सडकहरुमा खाल्डाहरु पर्न सक्ने, मुख्य तथा सहायक सडकहरु अवरोध हुन सक्ने भएकोले अवरोध हटाउन सडक मर्मत सम्भारको लागि मनसुन अवधिभर यान्त्रिक कार्यालय र सडक डिभिजन कार्यालय तथा सबै स्थानिय तहहरूले विपद्को समयमा आफ्ना हेवि ईक्विपमेन्टहरू तयारी अवस्थामा राखी परिचालन गर्ने ।
- हालसम्म क्षति पुगेका सार्वजनिक संरचनाहरु आफ्नो कार्यक्षेत्र भएका तत् तत् निकायहरुले मर्मत गर्ने ।
- मनसुनको समयमा भारी वर्षाका कारण बाढी, पहिरो र डुवान जस्ता विपदजन्य घटनाहरू घटन सक्ने भएकाले विपद्को समयमा तत्काल खोज तथा उद्दार कार्यमा खटिनु पर्ने भएकोले सुरक्षा निकायहरुले जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी आ-आफ्नो जनशक्तिलाई तत्काल परिचालन गर्ने गरी तयारी हालतमा राख्ने निर्णय गरियो ।
- विपदमा खटिन इच्छुक संघ संस्थाहरुवाट आउने स्वयंसेवीहरुलाई स्थानीय सरकार तथा सुरक्षा निकायहरुसँगको समन्वयमा सहयोगीका रुपमा परिचालन गर्ने ।

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

४. यस वर्षको हालसम्मको अवस्थामा भएका विपदजन्य क्षति र संभावित क्षति कम गर्नका लागि स्थानीय सरकारहरु र विषयगत कार्यालयबाट प्राप्त प्रस्तावहरुका सम्बन्धमा देहायबमोजिम गर्ने निर्णय गरियो ।

(क) शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चिराघाट दाङको च.नं.२८७२ मिति २०८१/०३/२६ गतेको पत्रबाट शान्तिनगर गाउँपालिका वडा नं. ५ अन्तर्गत पर्ने बौलाहा खोला पुलको माथिल्लो भागमा थुप्रिएको नदीजन्य पदार्थले वर्षातको समयमा बाढी आउँदा पुललाई असर गर्ने सम्भावना भएकोले उक्त क्षेत्रबाट ८८७.५ घ.मि. नदीजन्य पदार्थ उठाउँदा पुललाई क्षति हुन बाट जोगाउन सकिने भनी शान्तिनगर गाउँपालिकाको प्राविधिक मुल्याङ्कन प्रतिवेदन सहित उल्लेखित नदिजन्य पदार्थ उठाउन अनुमतिका लागी जिल्ला विपद् व्यवस्थापन समिति दाङमा लेखि आएकोले पुललाई क्षति नहुने गरी सडक डिभिजन कार्यालय दाङ सँगको समन्वयमा शान्तिनगर गाउँपालिकाले नियम बमोजिम राजश्व लिई सो परिमाणको नदीजन्य पदार्थ उठाउन दिने ।

(ख) डिभिजन वन कार्यालय दाङ (देउखुरी) लमहीको च.नं. ३५१७ मिति २०८१०३/२५ गतेको पत्र, सडक डिभिजन कार्यालय दाङको च.नं.११८९ मिति २०८१/०२/१४ गतेको पत्र तथा राप्ती गाउँपालिका १ नं.वडा कार्यालय भालुवाङ, दाङको च.नं.२०२५ मिति२०८१/०२/११ गतेको पत्रबाट राप्ति गाउँपालिका वडा नं.१ अन्तर्गत पर्ने भालुवाङ-प्युठान -रोल्पा सडक खण्ड रहेको असना जातको रुख थान-१ हटाउन सहजीकरणका लागी जिल्ला विपद् व्यवस्थापन समिति दाङमा लेखि आएकोले उक्त जोखिमयुक्त रुख सरोकारवाला निकायसँगको समन्वयमा हटाउने दिने।

(ग) घोराही उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय घोराही दाङको च.नं.६६७६ मिति २०८१/०३/२६ गतेको पत्रबाट घोराही उप-महानगरपालिका वडा नं. १६ सेवारको डाईभर्सन बगाई सडक अवरुद्व भएको र उक्त सडकको वैकल्पिक मार्ग रतनपुर चोक हुँदै अटोभिलेज,तेरौते र वि.वि.चौक सम्म खाल्डा खुल्डी पुर्नका लागी सेवार खोला दुधे सोता दोभानबाट नदिजन्य पदार्थ ग्रावेल ९६४.५० घ.मि निकाल्न मिति २०८१/०३/२४ गते विपद् व्वस्थापन समिति घोराहि उप- महानगरपालिकाको बैठकको निर्णय र प्राविधिक प्रतिवेदनका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुमतिका लागी लेखी बएकोले उक्त स्थानबाट ग्रावेल निकालि खाल्डाखुल्डी पुर्नका लागी रा १ ग ६०, रा १ ग ६५ नम्बरका JCB मेसिन र रा १ ख २३०७, रा १ ख २३०७ नम्बरका टिप्परहरुबाट तत्काल काम हुने गरी अनुमती दिने ।

(घ) राजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गँगदी दाङको च.नं.१६९७ मिति २०८१/०३/२६ को पत्रबाट राजपुर गाउँपालिका वडा नं.१ तव्दारपुर गाउँको दक्षिण तर्फ रहेको माररी खोला र वडा नं.३ को करङ्गा र खैरहवा खोलामा हालै आएको बाढीले बसन्तपुर र खदरिया गाउँको कृषि योग्य जमिन कटान गरी ठुलो धनको क्षति भएकोले उक्त स्थानमा तत्कालै खोला नियन्त्रण गर्न राजपुर गाउँपालिकाको रा १ ग ४३ र लु १ क २२७९ नम्बरका JCB मेसिन प्रयोग गर्न जिल्ला विपद् व्यवस्थापन समितिमा आवश्यक सहयोग र सहजीकरणका लागि लेखी आएकोले उक्त स्थानमा खोला नियन्त्रण गर्नका लागी डिभिजन वन कार्यालय, देउखुरी दाङको समन्वय तथा निगरानीमा उक्त JCB मेसिन प्रयोग गर्न दिने।

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

(ङ) जेष्ठ नागरिक सरोकार केन्द्र घोराही उप-महानगरपालिका वडा नं. १६ तेरौते दाङको च.नं.२८ मिति २०८१/०३/२७ गतेको पत्रबाट घोराही उप-महानगरपालिका वडा नं. १६ तेरौते स्थित जेष्ठ नागरिक सरोकार केन्द्रको पुर्व तर्फ वहने सेवार खोलामा हालैको अबिरल वर्षातले बाढी आई उक्त स्थानमा कटान गरी थप क्षति हुने अवस्था रहेकोले सो स्थानमा तारजाली सहित तटबन्धको व्यवस्था मिलाई दिनहुन भनी जिल्ला विपद् व्यवस्थापन समितिमा लेखी आएकोले सो स्थानमा थप क्षति हुनबाट रोक्नका लागी सेवार खोलालाई तत्कालका लागि बीचबाट च्यानलाइज गर्ने तथा अन्य तटबन्धका लागि घोराही उप-महानगरपालिकाले आवश्यक सहयोग/सहजीकरण गर्ने गरी व्यवस्था मिलाउन दिने।

(च) सडक डिभिजन कार्यलय, दाङको च.नं.१२३४ मिति २०८१/०२/३२ गतेको सिफारिस पत्रबाट सडक डिभिजन अन्तरगत पर्ने कोइलावास-लमही सडक खण्डको जमुनिवास खोला पुलको वरिपरी रहेको नदिजन्य पदार्थको कारणले वर्षातको समयमा बाढी आई पुललाई क्षति पु-याउन सक्ने र उक्त पुलको १०० मिटर लम्वाई, ३० मिटर चौडाई र १.५ मिटर गहिराहीको जम्मा ५०० घन मिटर नदीजन्य पदार्थ खोलाबाट निकासी गर्दा पुल संरक्षण हुने भनी जिल्ला विपद व्यवस्थापन समितिमा लेखि आएकोले उक्त स्थानबाट सो परिमाणको नदीजन्य पदार्थ निकाल्न अनुमति दिने र गढवा गाउँपालिकाले सोको राजस्व पालिकाको नियमानुसार लिने।

(छ) पाण्डवेश्वर महादेव मन्दिर घोराही उप-महानगरपालिका वडा नं. ५ धारापानी दाङको च.नं. ८१ मिति २०८१/०३/२७ गतेको सिफारिस पत्रबाट घोराही उप-महानगरपालिका वडा नं. ५ धारापानी स्थित बवई नदीको पुल पूर्व-उत्तर खण्ड धारापानी स्थित ठाडो सोतामा बाढीले सडक क्षति ग्रस्त बनाएकोले आवश्यक ह्युम पाइप र १० (दश) थान तारजाली उपलब्धताका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा लेखी आएकोले उक्त स्थानमा तत्काल विपद् बाट थप क्षति हुन नदिनका लागी भू- तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक पर्ने तारजाली उपलब्ध गराउने र ह्युम पाइप घोराही उपमहानगरपालिकाबाट उपलब्ध गराउने।

(ज) डिभिजन वन कार्यालय दाङ (देउखुरी) को च.नं.३५४३ मिति २०८१/०३/३० गतेको पत्रबाट बरिष्ठ वन अधिकृत छोटेलाल चौधरी र सहायक वन अधिकृत पुष्कर विश्वकर्माले मिति २०८१/०३/२७ गते पेश गरेको जाहेरी अनुसार हालै परेको अबिरल वर्षाका कारण दुर्गा सामुदायिक वन, राजपुर गाउँपालिका वडा नं. २ को थरवान्नामा रहेको कुलोको बाँध भत्किन जाँदा मौवा जातको रुख थान-१, साल जातको रुख थान-२, कुम्भी जातको रुख थान-२, भलायो जातको रुख थान-१, असिद जातको रुख थान-१, दबदबे जातको रुख थान-१ गरी जम्मा ९ थान रुख ढलेको र उक्त ढलेका रुखहरु सङ्कलन तथा व्यवस्थापन गर्न जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णयका लागी लेखी आएकोले उक्त रुखहरु वन डिभिजन कार्यालय दाङ (देउखुरी) को समन्वयमा सङ्कलन तथा व्यवस्थापन गर्ने।

५. आ.व.२०८०/०८१ अन्तर्गत २०८१/०२/१२ देखि हालसम्म जिल्ला विपद कोषबाट दाङ जिल्लामा विपद्जन्य घटनामा क्षति भएका तथा मृत्यु भएका घर-परिवारलाई वितरण गरिएको तपसिल बमोजिमको जम्मा राहत रकम रु. ९,६२,७९०/-(अक्षरुपी नौ लाख वैसट्ठी हजार सात सय नब्बे रूपैयाँ) अनुमोदन गर्ने निर्णय गरियो।

रामबन्धु सुवेदी

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

तपसिलः-

| क्र.स. | पालिका | राहत वितरण गरिएको घर परिवार संख्या | वितरण गरिएको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | घोराही उपमहानगरपालिका | २२ | २,८०,७९०।- | |
| २. | तुलसिपुर उपमहानगरपालिका | २१ | ४,८५,०००।- | मृत्यु-१ जना |
| ३. | राजपुर गाउँपालिका | ५ | ७०,०००।- | |
| ४. | राप्ती गाउँपालिका | १ | १५,०००।- | |
| ५. | बंगलाचुली गाउँपालिका | १ | १५,०००।- | |
| ६. | दंगिशरण गाउँपालिका | ३ | ४५,०००।- | |
| ७. | शान्तिनगर गाउँपालिका | १ | १५,०००। | |
| ८. | बबई गाउँपालिका | ३ | ३७,०००।— | |

६ यस वर्ष मनसुन शुरु भएसँगै दाङ जिल्लामा विपद्जन्य घटनाबाट धनजनको क्षति भएको र क्षति भएका व्यक्ति वा परिवारलाई राहत वितरण गर्न जिल्ला विपद् कोषमा रकम न्यून रकम रहेकोले श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार काठमाण्डौंमा रू. ५०,००,०००/-(अक्षरेपि पचास लाख रूपैयाँ) माग गर्ने निर्णय गरियो ।

रामबन्धु सुवेदी
प्रमुख जिल्ला अधिकारी

निर्णय नं. १

हाल स्थानीय तहहरुमा संचालनमा रहेका आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) हरुले आ-आफ्नो तहमा भए गरेका कार्यहरुको अनिवार्य रुपमा जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) मा प्रतिवेदन पेश गर्ने र आपसी समन्वयलाई प्रभावकारी बनाउन नियमित रुपमा बैठक गर्ने निर्णय गरियो ।

निर्णय नं.२

जिल्ला आपतकालीन कार्य संचालन केन्द्रबाट र स्थानीय आपतकालीन कार्य सञ्चाल केन्द्र बाट वितरण हुने राहत लगायत उद्वार सामाग्रीहरुको एक अर्कोलाई जानकरी गराउनुको साथै स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रबाट हुने गरेका निर्णय तथा क्रियाकलापको बीचमा तादम्यता स्थापित गरी विपद् जोखिम न्युनीकरणमा जोड दिने निर्णय गरियो ।

निर्णय नं. ३

मौसम पूर्वानुमान शाखाले जारी गर्ने मौसम पुर्वानुमान सम्बन्धी सुचना (Forecasting) लाई जिल्ला आपतकालीन कार्य संचालन केन्द्रले स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रमा पठाउने र उक्त Forecasting लाई स्थानीय आपतकालीन कार्य संचालन केन्द्रहरुले सरोकारवाला निकायहरुलाई जानकारी दिने गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

स्थानीय आपतकालीन कार्य संचालन केन्द्रहरुले आ-आफ्नो वडा क्षेत्रमा विपद् सम्बन्धी पूर्वतयारीको प्रतिकार्य गर्दा DEOC र LEOC को सहकार्यमा गर्ने र थप उद्वार सामाग्रीहरुको लागी DEOC ले पहल गर्नुका साथै भएका गरेका घटनाहरुलाई तत्कालै जिल्ला आपतकालीन कार्य संचालन केन्द्रमा सुचना दिने र उक्त सुचनालाई जिल्ला आपतकालीन कार्य संचालन केन्द्रले तत्कालै जिल्ला विपद् ब्यवस्थापन समितिका अध्यक्ष ज्यु समक्ष पेश गरी संघिय तथा प्रदेश मन्त्रालयमा पठाउने भनि निर्णय गरियो ।